# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या - ५

## दैनिक कार्यसूची

२०८१ जेठ ७ गते, सोमबार

विहान ११:०० बजे

(सम्भावित)

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन**

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न माननीय सदस्यहरुको मनोनयन गर्नुहुने ।

**टेबुल गरिने**

३. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्माननीय राष्ट्रपतिले गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्नुहुने ।

**धन्यवाद प्रस्ताव**

४. सम्माननीय सभामुखले निम्नलिखित धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुहुने :-

*"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८१ जेठ १ गते मंगलबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"*

**विश्वासको मत सम्बन्धी प्रस्ताव**

५. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वास प्राप्त गर्न प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५५ बमोजिम प्रस्ताव पेश गर्नुहुने ।

उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिने ।

**वार्षिक प्रतिवेदन पेश**

६. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ५३ बमोजिमको "नेपाल सरकारको वार्षिक प्रतिवेदन, आ.व. २०७९/८०" पेश गर्नुहुने ।

**अध्यादेश पेश**

७. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

**व्यवस्थापन कार्य**

८. माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले "संघीय निजामति सेवा विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

पद्म प्रसाद पाण्डेय
महासचिव